

# ६ असिमित सम्भावनाहरु

<u>*यस अध्यायका मूल पदहरू*</u> १ कोरन्थी १२:१२, मत्ती ३:१६-१८, १ कोरन्थी १२:७, १ कोरन्थी १:४-९ र मत्ती २५:१४-३०।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदानहरू बितरण गर्नुहुन्छ।" (१ कोरन्थी १२:११ रूपान्तरित)।**

हामी जो भएतापनि वा जहाँभएतापनि यदि हामी आफूलाई उहाँका उपासक वा भक्त हौं भनेर भन्छौं भने उहाँ हामीलाई गवाही देओ भनेर आह्वान गर्नुहुन्छ (प्रेरित १:८, यशैया ४३:१०)। केवल कुनै विशेष व्यक्ति, चर्च वा मिशनले खटाएका, पढेलेखेका जान्ने वा बाइबलको सबै ज्ञान जानेकाहरूले मात्र सुसमाचार प्रचार वा गवाही दिनुपर्छ भनेर तिनीहरूलाई मात्रै चुनेर वा विशेष बरदान दिएर गवाहीको काम सम्पन्न गर्ने जिम्मा दिइएको छैन। प्रत्येक व्यक्ति जसले परमेश्वरमा अगाध आस्था राख्छ, येशूको नजिक रहन्छ र "म इसाई हुँ" भनेर इमान्दारिताकासाथ दावी गर्छ भने तिनै ईश्वरभक्तहरूले गवाहीको कार्य सम्पन्न गर्ने अपेक्षा परमेश्वरले गर्नुहुन्छ।

जब हामी येशूलाई ग्रहण गर्छौं, बप्तिस्माको शपथ खाएर हामी उहाँमा रहने प्रतिवद्धता देखाउँछौं तब परमेश्वरको सामु हामी को हुन पुगेका हुन्छौं भन्नेकुरा बाइबलले देखाउँछ। मत्ती ५:१४मा "तिमीहरू संसारका ज्योति हौ," भनिएको छ भने २ कोरन्थी ५:२०मा "तिमीहरू येशू ख्रीष्टका राजदूतहरू हौ।" भनेर हामीलाई सम्बोधन गरिएको छ। अझ पत्रुसले त "तिमीहरू राजकीय पुजारीहरू हौ" (१ पत्रुस २:९) भनेर हामीलाई पुजारीको दर्जा दिएका थिए। त्यही परमेश्वर उहाँको निम्ति गवाही दिन उहाँ बोलाउनुहुन्छ र

सो कामको सेवामा हामीलाई दक्षता दिनुहुन्छ। प्रत्येक येशूभक्तलाई उहाँ आत्मिक बरदानहरू, दक्षता वा सिप दिनुहुन्छ। पढेर, लेखेर, अध्ययनमा डिग्री हासिल गरेर आउने मानिसलाईमात्र उहाँ गवाहीको निम्ति योग्य बनाउनुहुन्न। तर उहाँले बोलाउनुभएका मानिसहरूलाई उहाँको निम्ति गवाही दिन योग्य बनाउनुहुन्छ। जसरी मुक्ति विश्वास गर्ने सबैलाई सित्तैंमा उहाँद्वारा प्राप्त हुन्छ त्यसरी नै उहाँले दिनुहुने बरदान वा दक्षताहरू पनि सित्तैंमा दिनुहुन्छ।

जब हामी हाम्रो जीवन परमेश्वरमा समर्पण गर्दछौं र उहाँको सेवाको निम्ति खट्न राजी हुन्छौं तब हामीबाट अनगिन्ति कामका सम्भावनाहरू बढेर जान्छन्। "जुन मानिस आफ्नो भाऊ नखोजि वा आफ्नो स्वार्थलाई पन्छाएर अघिबढ्छ त्यो मानिस अति उपयोगी हुन्छ र उसको कामको कुनै सीमा नै हुँदैन। उसले आफ्नो हृदयमा पवित्र आत्मालाई काम गर्न ठाउँ दिन्छ र परमेश्वरप्रति पूरा समर्पित जीवन बिताउँदछ।"-एलेन जी ह्वाइट, *द मिनिस्ट्री अफ हिलिङ्ग*, पृ. १५९बाट रूपान्तरित।

पवित्र आत्माको बरदान पाएर काम गर्ने मानिसहरूले गर्ने सेवाहरूको कुनै सीमा नै हुँदैन भन्ने विषयबस्तुलाई समेटेर यो अध्याय तयार पारिएको छ।

## १. परमेश्वरको सेवाका लागि पृथक बरदान वा दक्षताहरू

येशूका बाह्र चेलाहरूका बाह्रै थरिका स्वभाव थिए भनेर तपाईंले कहिल्यै सोच्नुभएको छ? तिनीहरूको पृष्ठभूमि, व्यक्तित्व, धारणा र दक्षताहरू पनि एक अर्कामा फरक थिए। तर त्यो भिन्नता चर्चको निम्ति हानीकारक थिएन। ती भिन्नताले गर्दा नै चर्च बलियो भएको थियो। मत्ती कर उठाउने रोमी सरकारी कर्मचारी थिए। उनी जे गर्थे त्यो बिचार पुऱ्याएर ठीक तरिकाले गर्थे। उनी चाहिँदोमात्रामा वा आवश्यक कुरामात्र बोल्थे। तर त्यसको विपरीत पत्रुस जोशमा आएर सोच्दै नसोचि बोलीहाल्थे। तर उनको स्वभावमा नेतृत्व गर्ने दक्षता थियो। यूहन्ना कोमल मन भएका चेला थिए उनी मनमा कुरा नराखी बोल्दथे। आन्द्रियास मिलनसार र मानिसहरूसँग घुलमिल गर्न मन पराउँथे र आफ्नो वरिपरिको वातावरणप्रति उनी सजग रहन्थे साथै अरूको भावनाप्रति उनी संवेदनशील हुन्थे। थोमा जिज्ञासु स्वभावका थिए साथै उनी शङ्कालु पनि थिए।आफ्नै साथीहरू (जो येशूका चेलाहरू थिए), तिनीहरूले हामीले येशूलाई देख्यौं। " भन्दा तिनका कुरालाई उनले तत्काल विश्वासै

गरेनन् । अर्थात् आफैले नभेटेसम्म येशूलाई विश्वास गर्ने पक्षमा उनी थिएनन्। यसरी हरेक चेलाहरूमा फरक फरक व्यक्तित्व, सिप, बरदान वा दक्षता तथा खुबीहरू थिए। र आ आफ्नो गवाहीको निम्ति परमेश्वरले तिनीहरूलाई अत्यन्तै शक्तिशाली वा प्रभावकारीरूपमा प्रयोग गर्नुभएको थियो।

यसरी प्रत्येक विश्वासी आफै चर्च वा पवित्र आत्माको मन्दिर हो भने विश्वासीहरूको समूहलाई पनि चर्च वा मन्दिर भनेर सम्बोधन गरिएको छ। चाहे व्यक्ति होस् चाहे समूह ती सवै विश्वासीहरू येशूका शरीर हुन्। जसरी शरीरमा विभिन्न अङ्गहरू हुन्छन् र तिनीहरूको विशेषता र काम पनि फरक फरक हुन्छन्। त्यसैगरी एउटा अङ्गमा भएको क्षमता अर्को अङ्गमा हुँदैन। ठीक त्यस्तै चर्चमा भएका विभिन्न विश्वासीहरूमा पनि विभिन्न क्षमता वा पवित्र आत्माका बरदानहरू हुन्छन्। चर्चको उत्तरोत्तर प्रगति, वृद्धि र एकताको व्यवस्थापनमा विश्वासीहरूमा भएका विभिन्न दक्षता, सिप र बरदानहरूको आवश्यकता पर्दछ। यस सन्दर्भमा हेरौं १ कोरन्थी १२:१२-३० "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं, यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले 'म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन' भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले 'म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ' भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै। २१ आँखाले हातलाई 'मलाई तेरो दरकार छैन' भन्न सक्दैन, र शिरले पनि खुट्टालाई 'मलाई तिमीहरूको दरकार छैन' भन्न सक्दैन। २२ बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। २३ शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, २४ प्रत्यक्ष

**देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, २५ ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। २६ यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्। २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र?"**

परमेश्वर विभिन्न पृष्ठभूमि भएका मानिसहरूलाई विभिन्न दक्षता, विभिन्न प्रतिभा र विभिन्न सिपको वरदान दिएर मानव सेवाका निम्ति सामर्थ बनाउन अत्यन्तै रुचाउनुहुन्छ। सेभेन्थ-डे एडभेन्टिस्ट चर्च वा मण्डलीका विश्वासीहरू एकै नासका मानिसहरू, एउटै खालका लुगा लगाउने मानिसहरू, एउटै सोच वा बौद्धिकता वा क्षमता भएका प्रतिलिपी र एकनासे हुँदैनन्। येशूको शरीर एकै खालका मानिसहरूबाट बनिने होइन। यो कुनै राजनैतिक समूह वा खेल समूह वा क्लब समूह होइन जहाँ एकै खालका पृष्ठभूमि भएका र एकै सोच भएका मानिसहरू भेला हुन्छन्। सेभेन्थ-डे एडभेन्टिस्ट चर्च विभिन्न व्यक्तित्व, दक्षता, बरदान, खुबी र सिपको साझा फूलबारी हो तर येशू ख्रीष्टप्रति र धर्मशास्त्र बाइबलप्रतिको प्रेमले अनेकतामा एकताको सुत्रमा बाँधिएका समूहचाहीं पक्कै हुन्। जो संसारलाई उहाँको प्रेम र सत्य आत्मज्ञान बाँड्न समर्पित हुन्छन् (रोमी १२:४, १ कोरन्थी १२:१२)। येशूको शरीरका अंङ्गहरूसँग विभिन्न बरदान वा दक्षताहरू हुन्छन् जुन बरदान वा दक्षता अत्यन्तै मूल्यवान् हुन्छन्। विभिन्न विश्वासीहरूमा भएका विभिन्न सिप, दक्षता, प्रतिभा, खुबी र बरदानले येशूको शरीरलाई स्वस्थ तरिकाले चलाउन निर्णायक भूमिका खेलेका हुन्छन्। जसरी मानव शरीरमा आँखा, कान र नाकको भिन्नाभिन्नै काम हुन्छन् र तिनीहरूको आवश्यकता पनि फरक फरक कामका लागि हुन्छन्।

त्यसरी नै येशूको शरीररूपी चर्च वा चर्च संगठनको निम्ति भिन्नाभिन्नै बरदान, दक्षता, प्रतिभा, खुबी र सिप भएका मानिहरूको आवश्यकता हुन्छ (१ कोरन्थी १२:२१,२२)।

तपाईंले मानव शरीरलाई ध्यानपूर्वक हेर्नुभयो भने शरीरको हरेक अङ्ग मूल्यवान छ। तपाईंले कम महत्त्व ठान्नु भएको वा वास्ता नगर्नु भएको अङ्गको पनि शरीरमा निर्णायक भूमिका रहेको हुन्छ। उदाहरणका लागि हाम्रो आँखिभौंलाई नै हेरौं। यसो विचार गरी हेरौं त आवश्यकतै नभए जस्तो देखिने हाम्रो आँखाको परेली हामीमा भएनन् भने के होला? खासै फरक नपार्ला जस्तो देखिने आँखाका परेली हाम्रा आँखामा भएनन् भने धुलाका कणले हाम्रो आँखालाई  धमिलो वा अँध्यारो पार्न सक्छ र अन्तमा निकै नहुनेगरी हाम्रो आँखालाई असर वा हानी गर्न सक्छ। ठीक त्यस्तै चर्चमा पनि कम महत्त्वका मानिएका वा कसैले वास्ता नगरिएका विश्वासी यदि हाम्रो  चर्चमा छन् भने ती पनि येशूकै शरीर हुन् र ती अंङ्गहरू प्रभुको गवाहीका लागि  अत्यन्तै आवश्यक र महत्त्वपूर्ण हुन सक्छन्।त्यो व्यक्ति पवित्र आत्माको बरदानले सुसज्जित भएको हुन सक्छ।यसर्थ जब हामी सवैले हामीमा भएको दक्षता, सिप, प्रतिभा, खुबी वा बरदानलाई परमेश्वरमा सुम्पन्छौं वा उहाँको महिमाको निम्ति चर्चमा योगदान दिन्छौं तब त्यसले हाम्रो अनन्त जीवनको मार्गलाई सोझो र सहज पार्न सक्छ।

संसारमा कोहीपनि मानिस प्रतिभा बिहीन हुदैनन्।**तपाईंले आफूमा भएको प्रतिभालाई साँचो अर्थमा पहिचान गर्न सक्नु भएको छ ? र तपाईं आफूमा भएको त्यो ज्ञान सिप र क्षमताको उपयोग गरेर कसरी प्रभुलाई महिमा दिन सकिएला?**

## २. सबै असल बरदान वा खुबीहरूका दाताः सनातन सृष्टिकर्ता परमेश्वर

१ कोरन्थी १२:११,१८, एफिसी ४:७,८ र याकूब १:१७ अनुसार बरदानको सुरुवात र सबै पक्का अर्थात् सिद्ध बरदान, प्रतिभा, खुबी उहाँबाटै आउँछन् भनेर खुलस्त तरिकाले बताइएको छ। त्यसकारण हाम्रो व्यक्तित्वको निम्ति उपयुक्त पवित्र आत्माका बरदान वा खुबीहरू परमेश्वरले नै उपलब्ध गराउनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ। हामीमा भएका दक्षता, खुबी, सिप, बरदानहरू उहाँकै कामको निम्ति र उहाँको नाउँकै महिमाको निम्ति

सबभन्दा असल र उपयुक्त तरिकाले उहाँले नै प्रयोग गर्नुहुनेछ भन्ने कुरालाई हामीले विश्वास गर्नु जरुरी छ।

आत्मिक बरदानहरू कसलाई दिइन्छ भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, मर्कूस १३:३२-३७ विशेष गरेर पद ३४ "३२ तर त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, न त स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले। ३३ होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। ३४ *यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो।* ३५ यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। ३६ नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला। ३७ जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो'।" र १ कोरन्थी १२:४-११ विशेष गरेर पद ११ "४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ *तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।*

प्रत्येक येशूभक्त मानिसहरूलाई सुसमाचार सुनाउने परमेश्वरको सेवक भएको कारणले प्रत्येकलाई विशेष कामको निम्ति परमेश्वरले खटाउनुहुन्छ भन्ने कुरामा बाइबल स्पष्ट छ। येशूले एक जना मालिकको बारेमा अर्तीकथा भन्नुभएको थियो। त्यो मालिक टाढा देशमा जाँदै थियो। उसको घरमा धेरै

नोकर चाकरहरू थिए। आफू जानुभन्दा अघि मालिकले घरको प्रत्येक नोकरलाई केही न केही जिम्मेवारी दिएर आफ्नो यात्रामा जान्छ। ती नोकरहरूको काम घरलाई सम्हाली राख्ने थियो (मर्कूस १३:३४)। प्रत्येक येशूका भक्तलाई पनि केही न केही जिम्मेवारी दिइएको छ। परमेश्वरको काम गर्न र अरूको सेवा गर्न उहाँले बोलाउनुभएकाहरूलाई ती कामहरू सम्पन्न गर्न उहाँले नै आत्मिक बरदानहरू दिनुहुन्छ। जब हामी हाम्रो जीवन येशूमा समर्पण गर्छौं र बप्तिस्माको प्रक्रियाद्वारा हामी उहाँको शरीर वा चर्चको सदस्य हुन्छौं तब पवित्र आत्माले हामीलाई चाहिदो बरदान, खुबी, दक्षता आदि दिनुहुन्छ ताकि उहाँको शरीररुपी चर्चको सेवा गर्न सकौं र सारा संसारमा उहाँको निम्ति गवाही हुन सकौं।

सन् **१९०३मा एक** जना युवकलाई एलेन जी ह्वाइटले पत्र लेख्नुभएको थियो। ती युवकमा भएका अर्थात परमेश्वरले दिनुभएको दक्षता, खुबी र बरदानहरूलाई सेवाको निम्ति प्रयोग गर्न हौसला दिने उद्देश्यले सो पत्र लेखिएको थियो। "हामी सबै जना परमेश्वरकै परिवारको सदस्य हौं। हामी सबैलाई ठूलो वा सानो दक्षता, खुबी वा प्रतिभा परमेश्वरले सुम्पन्नु भएको छ। उहाँले दिनुभएको बरदान प्रयोग गर्न हामीलाई जिम्मा दिनुभएको छ। हाम्रा दक्षता, खुबी, प्रतिभा वा सिप सानो होस् वा ठूलो, ( अर्थात् अरूले देख्ने होस् वा नदेखिने) ती क्षमताहरू परमेश्वरको सेवाको निम्ति प्रयोग गर्नुपर्दछ। अनि प्रत्येक मानिसमा भएको बरदानको प्रयोगलाई हामीले कदर गर्नुपर्दछ। प्रत्येक व्यक्तिलाई दिइएको बरदानलाई उपभोग गर्ने अधिकारलाई प्रयोग गर्न दिनुपर्दछ। " येशूभक्तमा भएका साना भन्दा साना शारीरिक, वौद्धिक वा आत्मिक सम्पदालाई हामीले कहिल्यै पनि बेवास्ता गर्नु हुँदैन।"-लेटर्स २६०, डिसेम्बर २, १९०२बाट रूपान्तरित।

**बप्तिस्माको समयमा पवित्र आत्मा दिइनेछ भन्ने प्रतिज्ञा देहायका पदहरूले कसरी खुलासा गरेका छन्? हेर्नुहोस् प्रेरित १०:३४-४८ "३४ पत्रुसले बोल्न थाले, 'साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि,**

गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। ३९ अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।' ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ 'हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ? ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे।", मत्ती ३:१३-१७ "१३ तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो। १४ तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, 'बरु मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ, र के तपाईं मकहाँ आउनुहुने? १५ तर येशूले तिनलाई भन्नुभयो, 'अहिलेलाई यसै हुन देऊ। किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।' तब यूहन्ना राजी भए। १६ अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो। १७ तब स्वर्गबाट यो वाणी आयो, 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।'" र प्रेरित २:३६-३९ "३६ त्यसैकारण

इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।' ३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, 'ए भाइ हो, हामीले के गर्ने? ३८ पत्रुसले तिनीहरूलाई भने, 'पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।'"

जसरी बप्तिस्माको समयमा येशूमा पवित्र आत्मा ओर्लनुभएर उहाँलाई यस संसारमा उहाँले गर्ने सेवाकार्यको निम्ति तयार पार्नुभयो र पूर्णरूपमा सुसज्जित गर्नुभयो त्यसरी नै बप्तिस्माको समयमा हामीलाई पनि परमेश्वर र मानव सेवाकार्यको निम्ति सुसज्जित पार्नुहुनेछ भनेर पवित्र आत्माको प्रतिज्ञा हामीलाई दिइएको छ। परमेश्वरले दिनुभएको प्रतिज्ञा हामीमा पूरा भएको छ र उहाँको चर्च र संसारलाई हामीद्वारा आशिषमय बनाउन आत्मिक बरदानहरू हामीलाई दिइएको छ र त्यसलाई व्यवाहारिकरूपमा हामीले उतार्न सकौं भन्ने तीव्र चाहना परमेश्वरको हो।

## ३. आत्मिक बरदानहरूको उद्देश्य

येशूभक्त हुँ भनेर दावी गर्ने हरेकलाई कुनै न कुनै आत्मिक बरदान वा दक्षताहरू प्रदान गरिएको हुन्छ। त्यो किन प्रदान गरियो त? ती बरदानहरूको उदेश्य के हो? हेर्नुहोस, १ कोरन्थी १२:४-११ विशेष गरेर पद ७ "४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ *सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ।* ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने,

**कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।" र एफिसी ४:११-१६ "११ अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। १५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।"**

आत्मिक बरदान वा परमेश्वरबाट दिइने व्यक्तिगत खुबीहरू वहुउद्देश्यीय कामको निम्ति दिइएको हुन्छ। परमेश्वरको सेवाकार्य सम्पन्न होस् भन्दै उहाँको चर्चलाई बलियो बनाउन र रेखदेख गर्न उहाँले उहाँका विश्वासीहरूलाई बरदानहरू दिनुहुन्छ। यस संसारमा सुसमाचार सुनाउने लक्ष्यलाई अघि सारिरहन चर्चको एकता र निर्माणलाई कायमै राख्नकै लागि पवित्र आत्माको बरदान प्रदान गरिएको हो। आत्मिक बरदान, खुबी, प्रतिभा र सिप केको लागि प्रदान गरिएको हो भनेर बाइबलका लेखकहरूले केही उदाहरणहरू दिएका छन्। ती बरदानहरू परमेश्वरले उहाँको चर्चलाई दिनु भएको हो भनेर पनि ती लेखकहरूले जोड दिएका छन्। ती उदाहरणहरूमध्येः सुसमाचार प्रचार गर्न, अरूको सेवा गर्न, शिक्षादीक्षा दिन वा सिकाउन, हौशला दिन, सेवाटहल गर्न र उदार वा दानी हुन। जसमध्ये अतिथी सत्कार गर्न, दया करूणा देखाउन, सहयोगी भावनाको बृद्धि गर्नुचाहीं गौण विषय हुन् । बरदानहरूको पूरा सूची पढ्न रोमी १२ र १ कोरन्थी १२ पढ्नुहोस्।

आत्मिक बरदानहरू र मानिसमा भएका व्यक्तिगत खुबी वा प्रतिभा बीचको सम्बन्धका विषयमा तपाईंले के सोच्नुभएको छ? आत्मिक बरदानहरू

विशेष गरेर ईश्वरीय गुणहरू हुन् जुन पवित्र आत्माले प्रत्येक विश्वासीलाई दिनुहुन्छ। चर्च र संसारमा  विशेष सेवाकार्य गर्न येशूभक्तहरूलाई ती बरदानहरूले सुसज्जित गरिएएको हुन्छ। मानिसमा जन्मजात रूपमा प्रतिभाहरू हुन सक्छन् जुन पवित्र आत्माले पवित्र पार्नुभएर येशूको सेवाको निम्ति प्रयोग गर्नुहुन्छ। मानिसमा जन्मजात विशेष प्रतिभा वा खुबी परमेश्वरले नै दिनुभएको हुन्छ तर ती सबै प्रतिभाहरू येशूको सेवाको निम्ति प्रयोग गरिएका हुँदैन।

"येशूले भन्नुभएको अर्तीकथाहरूमा जनाइएका पवित्र आत्माका विशेष बरदानहरू केवल प्रतिभा, खुबी वा दक्षताहरूमात्र होइनन्। यसमा सबै बरदानहरू, खुबीहरू, गुणहरू पर्दछन् चाहे मानिसले जन्मजात स्वःत पाएको वा पछि सिकेर उपलब्ध गरेको होस, आत्मिक होस् वा स्वभाविक होस् ती सबै पवित्र आत्माकै बरदान हुन्। ती सबै येशू ख्रीष्टको सेवाको निम्ति प्रयोग गरिनुपर्दछ। जब हामी येशूका अनुयायी वा भक्त वा चेला हुन्छौं तब हामीसँग जे हुन्छ वा हामी जो हुन्छौं त्यो सबै उहाँमा समर्पित हुनुपर्दछ। उहाँले विशुद्ध तरिकाले दिनुभएको र उच्च आदर्श तथा प्रतिष्ठाको निम्ति प्रदान गरिएका ती बरदानहरू उहाँको महिमा र मानव कल्याणको निम्ति प्रयोग गर्नुपर्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ३२८बाट रूपान्तरित।

फेरि चर्चका विभिन्न खास निकायहरू सुचारुरूपमा चलून भनेर परमेश्वरले चर्चका सेवकहरूलाई भविष्यवाणी बोल्ने बरदान दिनुहुन्छ। ती व्यक्तिहरू पास्टर, एल्डर, बाइबल शिक्षक आदि हुन् जो येशूको शरीरमा रहेर चर्चको प्रत्येक सदस्यको देखभाल र सेवाको निम्ति सजिएका हुन्छन् (एफिसी ४:११,१२ हेर्नुहोस्)। चर्चका सबै नेतृत्ववर्गहरूको विशेष काम हुन्छ। त्यो काम भनेको प्रत्येक विश्वासीमा भएका आत्मिक बरदान वा खुबीहरू पत्ता लगाउने र तिनीहरूसँग मिलेर येशू ख्रीष्टको शरीरको निर्माण गर्न ती बरदान वा खुबीहरूको परिचालन गर्ने।

**तपाईंमा जन्मजात रूपमा भएका स्वभाविक दक्षता वा प्रतिभाहरू के छन्? ती दक्षताहरू पैसै कमाउन वा असलकै निम्ति प्रयोग गरिएको भएतापनि चर्चको निम्ति चाहीँ कसरी आशिषित हुन सक्छ त?**

## ४. आफूमा भएका बरदान वा दक्षताहरू पहिचान गर्नुहोस्

**विशेष गरेर येशू ख्रीष्ट दोस्रो पल्ट महिमाका साथ आउनुभन्दा अघि विश्वासीहरूलाई आत्मिक बरदानहरू दिइनेछ भनेर परमेश्वरले गर्नुभएको देहायका प्रतिज्ञाका पदहरूले हामीलाई के भन्छ? हेर्नुहोस्, १ कोरन्थी १:४-९ "४ तिमीहरूको लागि साथै ख्रीष्ट येशूमा परमेश्वरले तिमीहरूलाई गर्नुभएको अनुग्रहको लागि पनि म उहाँलाई सधैंभरि धन्यवाद चढाउँछु ५ किनभने ख्रीष्टमा तिमीहरू सबै कुराले धनी भएका छौ। त्यसैले तिमीहरूमा बोल्ने शक्ति र सबै कुरा भन्न सक्ने ज्ञान छ ६ किनभने ख्रीष्टको बारेमा दिएको गवाही सत्य हो भनी परमेश्वरले तिमीहरूमा प्रमाण गर्नुभयो। ७ त्यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टको बाटो हेर्दा तिमीहरूलाई कुनै पनि वरदानको अभाव छैन। ८ हाम्रा प्रभु येशू ख्रीष्ट आउने दिनमा तिमीहरू निर्दोष होओ भनेर उहाँले तिमीहरूलाई आखिरिसम्म दरिलो बनाउनुहुनेछ। ९ परमेश्वर भरपर्दो हुनुहुन्छ। उहाँले नै आफ्ना पुत्र हाम्रा प्रभु येशू ख्रीष्टसँग रहन तिमीहरूलाई बोलाउनुभयो।" २ कोरन्थी १:२०-२२ "२० परमेश्वरका सबै प्रतिज्ञाहरू येशू ख्रीष्टमा पूरा हुन्छन्, यसैकारणले उहाँकै नाउँमा र परमेश्वरको आदरको निम्ति हामी "आमेन" भन्दछौं। २१ परमेश्वरले नै हामी र तिमीहरूलाई ख्रीष्टमा दरिलो बनाउनुभएको छ। उही परमेश्वरले हामीलाई अलग गर्नुभएको छ २२ र मेरै हो भन्ने छाप लगाउनुभएको छ अनि उहाँले दिनुहुने सबै थोकको बैना हाम्रो हृदयमा पवित्र आत्मा दिनुभएको छ।" माथीका पदहरूले परमेश्वरका प्रतिज्ञाहरूको बारेमा के भन्दछ? येशूको दोस्रो आगमनभन्दा पहिले उहाँका भक्तहरूलाई प्रदान गरिने आत्मिक बरदानहरूको बारेमा कस्ता वचनहरू दिइएका छन्?**

येशूको आगमनभन्दा पहिले उहाँको चर्चले पवित्र आत्माका सबै बरदानहरू उपयोग गर्नेछन् भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। उहाँका प्रतिज्ञाहरू सुनिश्चित छ। हाम्रो हृदयमा पवित्र आत्माले नै परमेश्वरको गवाही हुनुभएर परमेश्वरले दिनुभएका बरदानहरूलाई बुझ्न उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ। हामीमा भएका बरदानहरू परमेश्वरबाटै आएका हुन् र परमेश्वरले उहाँको आत्माबाट ती बरदानहरू प्रकट गर्नुहुन्छ।

**हामीलाई दिइएका बरदानहरू पत्ता लगाउन हामीलाई के गर्न आह्वान गर्नुभएको छ? हेर्नुहोस् देहायका केही पदहरू, लूका ११:९-१३ "९ त्यसैले म**

तिमीहरूलाई भन्छु, माग त पाउनेछौ, खोज त भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूको लागि ढोका उघारिनेछ १० किनभने माग्नेले पाउँछ, खोज्नेले भेट्टाउँछ र ढकढक्याउँनेका लागि ढोका उघारिनेछ। ११ के तिमीहरूमध्ये कोही यस्तो पनि बुबा होला, जसले छोराले माछा माग्दा सर्प देला १२ वा फूल माग्दा बिच्छी देला लः? १३ तिमीहरू दुष्ट भएर पनि आफ्ना छोरा-छोरीलाई असल कुरा दिन जान्दछौ भने झन् स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरी पवित्र आत्मा दिनुहुन्छ।", याकूब १:२-७ "२ मेरा भाइहरू, हरप्रकारका जाँच आइपर्दा आनन्दित होओ। ३ तिमीहरू जान्दछौ, जब तिमीहरूको विश्वासको जाँच हुन्छ, तिमीहरूको सहने शक्ति बढ्छ। ४ तर कुनै कुरामा पनि नचुकी परिपक्व र सिद्ध हुन ती जाँचहरू सहँदै स्थिर भएर बस्न सिक्ने गर। ५ तिमीहरूमा कसै-कसैलाई बुद्धिको खाँचो छ भने परमेश्वरसँग माग र बुद्धि पाउनेछौ किनभने परमेश्वरले नअन्कनाई सबैलाई प्रशस्त गरिदिनुहुनेछ। ६ तर माग्दा शङ्का नगरी विश्वास राखेर माग्नुपर्छ। शङ्का गर्ने मानिस त हावाको भरमा चल्ने समुद्रको छालजस्तै हो। ७ त्यस्ता मानिसले त प्रभुबाट कुनै कुरा पाउँछु भनेर नचिताए पनि हुन्छ। ८ यस्तो मानिस दोधारे मन भएको र सबै कुरामा चञ्चले हुन्छ।" र मत्ती ७:७-११ "७ माग त पाउनेछौ, खोज त भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूको लागि ढोका उघारिनेछ ८ किनभने माग्नेले पाउँछ, खोज्नेले भेट्टाउँछ र ढकढक्याउँनेका लागि ढोका उघारिनेछ। ९ के तिमीहरूमध्ये कोही यस्तो बुबा होला, जसले आफ्नो छोराले रोटी माग्दा ढुङ्गा दिन्छ? १० अथवा माछा माग्दा सर्प दिन्छ? ११ यसरी तिमीहरू दुष्ट भएर पनि आफ्ना छोरा-छोरीलाई असल कुराहरू दिन जान्दछौ भने झन् स्वर्गमा हुनुहुने तिमीहरूका पिताले त उहाँसँग माग्नेहरूलाई झन् कति असल कुरा दिनुहुनेछ।"

जब हामी परमेश्वरमा समर्पित हुन्छौं तब हामीले पवित्र आत्माको बरदानहरू पाउँछौं अनि उहाँले दिनुभएका बरदानहरू प्रकट गर्न हामी उहाँसँग माग्दछौं। जब हामी आफ्नै मान सम्मान नखोज्ने वा भाऊ नखोज्ने हुन्छौं अर्थात आफ्नै महिमा वा जस नखोज्ने हुन्छौं र पहिलो प्राथमिकतामा येशूलाई राख्छौं तब उहाँले हामीलाई प्रदान गर्नुभएको आत्मिक बरदानहरू हाम्रो विवेकबाट उहाँले नै प्रकट गर्नुहुन्छ। "जबसम्म प्रार्थना र विश्वासद्वारा चेलाहरूले आफूलाई परमेश्वरको कामको निम्ति पूरै समर्पित गरेनन् तबसम्म

पवित्र आत्मा तिनीहरूमा खनिनुभएको थिएन। जब पवित्र आत्मा तिनीहरूमा खनिए तब येशूका अनुयायीहरूलाई स्वर्गबाट बिशेष असल थोकहरूको जिम्मा लगाइएको थियो। हामीमा भएका बरदानहरू ख्रीष्टमा हाम्रा भइसकेका हुन्छन् तर हाम्रै भनेर त्यसलाई उपभोग गर्न चाहन्छौं भने परमेश्वरको आत्मालाई हाम्रो जीवनमा काम गर्न दिनुपर्दछ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ३२७बाट रूपान्तरित।

परमेश्वरको सेवाकार्यमा प्रभावकारी रूपमा सक्रिय हुन परमेश्वरले हामीलाई आत्मिक बरदानहरू दिनुहुन्छ (१ कोरन्थी १२:४-६) जुन हामीलाई चाहिने गुण वा दक्षता हुन्। हामीमा भएका कुनै पनि बरदानहरू प्रायजसो सबै स्थानहरूमा प्रयोग गर्न सकिन्छ र ती गुण वा दक्षताहरू प्रयोग गर्ने विशेष अवसर विभिन्न क्रियाकलापहरूले देखाउँदछ। आत्मिक बरदानहरू तुरून्तै पाको वा पूर्ण बिकसित भएर आउँदैन। जब कुनै क्षेत्र वा सेवाकार्यमा जान पवित्र आत्माले तपाईंलाई प्रभाव पार्नुहुन्छ तब तपाईंमा भएको बरदानलाई विशेष काममा उपयोग गर्न पवित्र आत्मासँग प्रार्थना गर्नुहोस् ताकि मानिसहरूको बीचमा तपाईंको बरदान प्रयोग हुन सकोस्।

**तपाईंमा के के विशेष बरदान, दक्षता वा प्रतिभाहरू छन्? अझ महत्त्वपूर्ण प्रश्न त परमेश्वरको सेवाकार्यको निम्ति तपाईंमा भएका ती बरदान, दक्षता वा प्रतिभाहरूलाई तिखार्दै लाने इच्छा गर्नु भएको छ?**

## ५. फस्टाउदा आत्मिक बरदानहरू

**येशूले मत्ती २५:१४-३१मा एउटा अर्तीकथा भन्नुभएको थियो। उक्त कथामा भनिएका विषयवस्तु तपाईंको निम्ति अत्यन्तै उल्लेखनीय हुनेछन्। परमेश्वरले किन ती दुई नोकरहरूको सराहना गर्नुभएको थियो र तेस्रो वा पछिल्लो नोकरलाई उहाँले किन दोषी ठहऱ्याउनु भयो?यस अर्तीकथामा हाम्रा प्रतिभा, दक्षता वा बरदानहरूलाई प्रयोग गर्नुपर्छ भनेर हामीलाई किन बुझाउन खोजिएको हो? विशेष गरेर मत्ती २५:२९मा ध्यान दिनुहोस्। हेर्नुहोस् "१४ "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का**

पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७
त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का
पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ "धेरै
दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २०
तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर
यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो।
हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' २१ "मालिकले त्यसलाई भने,
'स्याबास, असल र विश्वासी नोकर! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म
तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी
हो।' २२ "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई
सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' २३
"त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तिमी थोरै
कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी
आफ्ना मालिकको खुशीमा सहभागी हो।' २४ "एक सुनको सिक्का पाउनेले
पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट
बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले
मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्,
यो तपाईंको सिक्का लिनुहोस्।' २६ "त्यसका मालिकले त्यसलाई जवाफ दिए,
'ए दुष्ट, अल्छे नोकर,नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट
बटुल्छु भनेर तिमीले जानेको थियौ भने, २७ तिमीले मेरो धन साहूकहाँ
राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८
यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ।
२९ किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर
जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा
नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा
किट्नेछन्।' ३१ "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा
आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ।"

मालिकले नोकरहरूको आआफ्नो क्षमता अनुसार तिनीहरूलाई सुनका सिक्काहरू दिएको थियो (मत्ती २५:१५)। हरेकले आफ्नै क्षमता अनुसार सिक्का पाएका थिए। एक जनाले पाँच सिक्का अर्कोले दुई र अर्कोलाई एक।

आफूले पाएको सिक्काको प्रयोग वा लगानी गर्ने निर्णय ती नोकरहरूकै हातमा दिइएको थियो। एउटा निर्णायक कुरो हामीले के सम्झनुपर्छ भने ती सिक्काहरू ती नोकरहरूका आफ्नै थिएनन्। ती अर्कैका थिए जसले तिनीहरूलाई जिम्मा दिएका थिए।

सिक्का को सँग धेरै वा थोरै छ भन्ने कुरामा मालिकको चासो थिएन।नत कोसँग धेरै दक्षता वा थोरै दक्षता छ भन्नेमा नै उनको चासो थियो। त्यहाँ कुरा कतिजनालाई कति धेरै सिक्का दिइयो भन्ने पनि थिएन। तर प्रत्येकले पाएको सिक्कालाई कसरी प्रयोगमा ल्याइयो त्योचाहीँ मालिकको मुख्य चासोको विषय थियो।

यस मामिलामा पावलले २ कोरन्थी ८:१०-१२मा यसरी भन्छन् "१० अब यस विषयमा चाहिँ मेरो सल्लाह यही छ– एक वर्षअघि जुन दिने काम तिमीहरूले सुरु गरेका मात्र होइन, तर त्यो गर्ने उत्कट इच्छा पनि गरेका थियौ, त्यसलाई अब पूरा गर्नु तिमीहरूका निम्ति असल हुन्छ। ११ इच्छा गर्नमा तिमीहरूको जुन तत्परता थियो त्यसैमुताबिक आफ्नो औकातअनुसार दिएर यस कामलाई पूरा गर।१२ किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहणयोग्य हुन्छ, नभएअनुसारको होइन।"

पहिला दुई नोकरहरूले तिनले पाएका सिक्काहरूलाई विश्वासकासाथ लगानी गरेर लाभ उठाउन प्रयोग गरे र परमेश्वरले तिनीहरूको सराहना र्नुभएको थियो। जसरी सिक्का वा प्रतिभा वा दक्षताहरू जति प्रयोगमा ल्याइयो त्यसको त्यति नै बृद्धि हुन्छ। तर दुष्ट वा विद्रोह गर्ने नोकरले आफूले मालिकबाट पाएको सिक्का वा दक्षता वा प्रतिभालाई प्रयोगमा ल्याएन जसको फलस्वरुप त्यो बढेन। यो अनन्त जीवनको सत्य हो कि "सेवा गर्ने नीति परमेश्वर र हाम्रा जनहरूसँग बाँधि राख्ने वा सम्पर्कमा राखिरहने एक डोरी हो।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ३२६बाट रूपान्तरित। विश्वासघाती नोकरले आफूले पाएको सेवा गर्ने अवसरलाई वेवास्ता गरे जसले गर्दा उसले पाएको सेवा गर्ने क्षमता पनि गुमायो।

जब परमेश्वरले हामीलाई दिनुभएका बरदान वा दक्षताहरू उहाँको महिमाको निम्ति प्रयोग गर्छौं तब ती बढ्छन्, फल्दछन् र फुल्दछन्। तपाईंमा परमेश्वरले दिनुभएका बरदानहरू के छन् भनेर कसरी पत्ता लगाउने? नम्र भएर परमेश्वरसँग ती बरदानहरू उहाँको इच्छा अनुसार उहाँको सेवा गर्न प्रकट

**गरियोस् भनेर प्रार्थना गर्नुहोस्। जब तपाईंलाई उहाँले तपाईंमा भएका दक्षताहरूलाई देखाउनुहुन्छ तब ती दक्षताहरूलाई प्रयोग गर्न तपाईं सरिक हुनुहोस्। जब तपाईंले ती दक्षताहरूलाई प्रयोग गर्नुहुन्छ तब ती दक्षता, बरदान, प्रतिभा आदि बढ्नेछन् र तपाईं उहाँको सेवामा संतुष्ट हुनुहुनेछ।**

**येशूले भन्नुभएको सिक्काको अर्तीकथालाई तपाईंले आफ्नै जीवनमा कसरी प्रयोग गर्नु भएको छ सो सोच्नुहोस्। तपाईंले अहिले जे गरिरहनुभएको छ के त्यसले परमेश्वरबाट पाइएको दक्षता, बरदान वा प्रतिभालाई प्रयोग गरिरहेको छ भनेर ठान्नुभएको छ? याद गर्नुहोस् तपाईं जे गर्न रुचाउनुहुन्छ वा जे गर्ने खुबी तपाईंमा छ त्यो परमेश्वरले नै तपाईंलाई दिनुभएको बरदान हो।**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *क्राइस्ट अबजेक्ट लेसनसको* पृ. ३२५-३६५को "टालेन्ट" पढ्नुहोस्।

यदि आत्मिक वरदानलाई बाइबलको शिक्षा अनुसार उचित वा ठीकसँग बुझ्न सकियो भने त्यसले चर्चमा एकता ल्याउँदछ। परमेश्वरको सामु हामी प्रत्येक मूल्यवान व्यक्ति हौं र ख्रीष्टको शरीरलाई हामी आवश्यक छौं भन्ने सोचले हामीलाई एकताको सुत्रमा बाँध्छ। चर्चमा जुनसुकै व्यक्ति किन नहोऊन् चाहे ठूला वा साना ख्रीष्टको लक्ष्य पूरा गर्न प्रत्येक व्यक्तिको आवश्यकता छ। येशूका प्रत्येक विश्वासीलाई केही न केही सेवाकार्यको निम्ति बरदान वा दक्षता दिइएको छ।

"येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक भक्तलाई प्रभु येशूको निम्ति केही न केही काम सुम्पिएको छ। उहाँका प्रत्येक सेवकलाई केही न केही बरदान, दक्षता, सीप वा प्रतिभा सुम्पिएको छ। 'एक जनालाई उनले पाँच सिक्का, अर्कोलाई दुई र अर्कोलाई एउटा सिक्का प्रत्येकको क्षमता अनुसार ती सिक्काहरू दिइएको थियो।' प्रत्येक सेवकलाई कुनै कुनै कामको जिम्मेवारी सुम्पिएको छ जसको निम्ति ऊ जिम्मेवार हुन्छ।हामीलाई पनि हाम्रो क्षमता अनुसार विभिन्न बरदान वा दक्षताहरू सुम्पिएको छ।बरदान वा दक्षताहरू प्रदान गर्दा उहाँले पक्षपात गर्नुभएन। उहाँका सेवकहरूको क्षमतालाई ध्यानमा राखेर नै उहाँले ती दक्षता वा क्षमता वा बरदानहरू दिनु भएको थियो र तिनीहरूले पाएका बरदान वा दक्षतालाई उपभोग गरेर उहाँलाई फर्काइयोस्

भन्ने अपेक्षा उहाँ गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. २८२बाट रूपान्तरित।

यो पनि थाहा पाइ राख्नु अत्यन्तै जरुरी छः तपाईंमा भएका बरदान, दक्षता, प्रतिभा आदि तपाईको भाऊ बढाउन होइन तर परमेश्वरको महिमाको निम्ति हो। उहाँको नाउँलाई उच्च पार्न र उहाँको काममा अघि बढाउन परमेश्वरले ती प्रतिभा वा दक्षता वा बरदानहरू तपाईंलाई दिएको हो।

**चिन्तनमनन्:**

अ. हामी प्रत्येकलाई परमेश्वरले बरदानहरू दिनुभएको छ भन्ने सत्यलाई सोच्नुहोस्। हाम्रो स्थानीय चर्चमा त्यसलाई कसरी व्यवहारमा ल्याउन सकिन्छ? प्रत्येक विश्वासी परमेश्वरको निम्ति मूल्यवान छन् र तिनलाई उहाँको महिमाको निम्ति परिचालन गर्नुपर्छ भन्ने मनस्थिति प्रत्येक अगुवामा भयो भने त्यसले चर्चलाई कस्तो मोडमा ल्याउछ होला, सोच्नुहोस्।

आ. अरू सदस्यमा भएका बरदान तपाईंलाई कस्तो आशिष हुन गएको छ सो सोच्नुहोस्। तपाईंमा भएका दक्षता, बरदान, खुबी, प्रतिभालाई तपाईंले कसरी पत्ता लगाउनुभयो? तपाईंमा के के दक्षता, खुबी, बरदान वा प्रतिभाहरू छन् जसको प्रयोग अरूको निम्ति आशिषमय हुनसकोस्?

इ. जब हामी हामीमा भएका खुबी, दक्षता, बरदान आदिहरूलाई प्रयोग गर्छौं तब ती बढ्छन् भनेर हामीले यस अध्यायमा हेर्‍यौं। तपाईं आफ्नै जीवनलाई हेर्नुहोस्। तपाईंलाई परमेश्वरले दिनुभएको बरदानहरू उहाँको निम्ति प्रयोग गर्दा त्यो प्रतिभा झन् झन् बढ्न गएको महसुस तपाईंले गर्नुभएको छ? अर्कोतर्फ तपाईंमा भएका ती क्षमताहरूलाई तपाईंले विश्वासकासाथ प्रयोग गरिरहनुभएको छ त?

## कथा ६

# उनी केवल "कार्लोस मात्र" हुन्

**-आन्ड्र्यु मेकचेस्नी**



जे. कार्लोस दक्षिण अमेरिकाको पेरु भन्ने देशका नागरिक हुन्। उनी त्यस देशको युनियन अफिसको अध्यक्ष हुँदा त्यहाँका चर्चका सदस्यहरूले उनलाई "पास्टर अध्यक्ष ज्यू" भनेर सम्बोधन गर्दथे। तर जब उहाँ दक्षिण अमेरिकाकै अर्को देश उरुग्वेमा चर्चहरूको युनियन मिशनमा अध्यक्ष भए तब उहाँलाई केवल "कार्लोस" भनेर सम्बोधन गरियो।

पुरुषहरूले उहाँलाई "कार्लोस" भनेर सम्बोधन गर्दथे। महिलाहरूले उहाँलाई "कार्लोस" भनेर सम्बोधन गर्दथे। साना केटाकेटीहरूले समेत उहाँलाई "कार्लोस" भनेर बोलाउँथे। त्यहाँ कसैले पनि उहाँलाई अध्यक्ष भनेर बोलाउँदैनथे। उहाँलाई कसैले पास्टर भनेर पनि बोलाउदैनथे। त्यहाँ उनलाई केवल "कार्लोस" भनेर मात्र सम्बोधन गरिन्थ्यो।

आफ्नो देश पेरुका मानिसहरूमा आफूभन्दा ठूलो ओहोदामा भएका मानिसहरूलाई सम्मानपूर्वक सम्बोधन गर्ने चलन थियो। तर अर्कै देश उरुग्वेमा सन् २०११मा जब उनी त्यस देशको चर्चको अध्यक्षमा चुनिए तब उनलाई केवल "कार्लोस" भनेर गरिएको सम्बोधनलाई स्वीकार गर्न उनलाई एक वर्ष जति लाग्यो।

"उरुग्वे दक्षिण अमेरिकाको अन्य देश भन्दा फरक छ। त्यस देशमा भएको नेतृत्ववर्गलाई आदर र तिनीहरूको प्रतिष्ठालाई स्वीकार त गरिन्छ तर त्यहाँ ठूलो सानो कोही पनि हुदैनन्। त्यहाँका अगुवा वा नेताहरू सबै सर्वसाधारण जनताहरू जस्तै समान हुन्छन्" कोर्लोसले सुनाए।

उरुग्वेका मानिसहरूमा युरोपको ठूलो प्रभाव परेको छ जसले गर्दा सबै मानिसहरूलाई समान व्यवहार गर्ने गरिन्छ। जसले गर्दा त्यो देशमा सुसमाचार सुनाउन सजिलो छ भनेर चर्चका अगुवाहरूले भनेका थिए। त्यो देशको जनसंख्या ३५लाख छ र त्यहाँ ७,३५८ सेभेन्थ-डे एडभेन्टिस्टहरू छन् अर्थात् प्रत्येक ४७० जनामा एक जना एडभेन्टिस्ट छ। दक्षिण अमेरिकामा

रहेका एडभेन्टिस्टहरूको तुलनामा यो अनुपात धेरै कम हो। उरुग्वेका आधा जति जनसंख्या त्यस देशको राजधानी मन्टेभिडियोमा बस्दछन्।

उरुग्वेमा सन् २०१९मा एडभेन्टिस्ट विश्व अध्यक्ष टेड एन. सी. विलसन गएका थिए। त्यसबेला उनले भेला भएका चर्चका पास्टर र अगुवाहरूलाई सोधे, "हामीले मन्टेभिडियो र संसारका अन्य सहरहरूमा सुसमाचार कसरी पुऱ्याउने?" त्यसकै जवाफमा उनले यर्मिया ३२:२७ पल्टाएर पढे "हेर, म सबै मानिसहरूको परमप्रभु हुँ। मेरो निम्ति के कुनै थोक गाह्रो छ त?" (रूपान्तरित)। "आफ्नो प्रश्नको जवाफ परमेश्वर आफैले शक्तिशालीरूपमा दिनुहुन्छ" विल्सनले भन्नुभयो। अनि उहाँले यर्मिया ३३:३ पल्टाएर यो पढ्नुभयो "मलाई बोलाऊ, म तिमीलाई जवाफ दिनेछु। अनि म ठूलो शक्तिशाली कामहरू देखाउनेछु जुन तिमीहरूलाई थाहा छैन।" (रूपान्तरित)।

"यो प्रतिज्ञालाई तपाईंहरूले दावी गर्नुहोस्। सहरहरूमा काम गर्दा यो प्रतिज्ञा दावी गरेर प्रार्थना गर्नुहोस्। पश्चिमी देश युरोपका देशहरूमा भएका मानिसहरू जस्तै तपाईंहरूले यस देशमा पनि धर्म नमान्ने र भौतिकबादी मानिसहरू पाउनु हुन्छ। तर परमेश्वरको निम्ति कुनै पनि थोक असम्भव वा गाह्रो छैन" विल्सनले अगुवा र पास्टरहरूको हौसला बढाउदै सम्बोधन गर्नुभयो।

कुनै थोक पनि परमेश्वरको निम्ति गाह्रो छैन भन्ने कुरालाई आत्मसात् गरेर उरुग्वेमा सुसमाचारका कामहरू भइरहेका छन्। त्यहाँ भएका सामूदायिक केन्द्र वा "सहरमा प्रभाव पार्ने केन्द्रहरू"मा विभिन्न कार्यक्रम आयोजना गर्ने क्रममा मानिसहरूले येशूलाई स्वीकार गर्न पुगेका छन् र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएका छन्। नयाँ चर्चका सदस्यहरूमध्ये फर्नान्डो आग्विर पनि एक थिए। जब मन्टेभिडियोको चर्चले संचालन गरेको तनाव कम गर्ने कार्यक्रममा उनले भाग लिए तब सन् २०१९मा नै उनले बप्तिस्मा लिएका थिए। उरुग्वे र संसारभरि रहेका विभिन्न देशका यस्ता समाजहरू छन् जहाँ येशूलाई विश्वास गरिदैन वा धर्मनिरपेक्ष छन् तिनीहरूको निम्ति पनि प्रार्थना गर्नुहोस्।